बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित

मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१४ ।। अङ्क : ०८१ ॥ २०७९ वैशाख १० गते शनिबार (23rd Apr 2022 Saturday) **Pratidin** National Daily dNo-?:%÷-

# उपमेयरसहित बिर्तामोडका २८ जना जनप्रतिनिधिद्वारा राजीनामा

***बिर्तामोड (प्रस)*** । आसन्न स्थानीय निर्वाचनको तयारीका लागि उपमेयरसहित बिर्तामोड नगरपालिकाका २८ जना जनप्रतिनिधिहरुले शुक्रबार राजीनामा दिएका छन् ।




**राजीनामा दिनेहरुमा उपमेयर पवित्रा** महतारा प्रसाई , वडा नं १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे , सदस्यहरु प्रेमकुमार खरेल , यमुना आचार्य , कमला महरा , वडा नं २ का वडाध्यक्ष नगेन्द्रप्रसाद संग्रौला , सदस्य किशोर पौडेल , वडा नं ३ का वडाध्यक्ष भोजराज सिटौला , सदस्य पूर्णप्रसाद राजवंशी , वडा नं ४ का वडाध्यक्ष कुलप्रसाद संग्रौला , सदस्यहरु राहुल शर्मा , निर्मला सोनार , कविता डाँगी , वडा न. ५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन , वडा नं ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा , सदस्यहरु पवित्रादेवी कोइराला , शोभा विक , वडा नं ८ का वडाध्यक्ष अजय कार्की , सदस्यहरु लक्ष्मी नेपाली , इन्दिरा पाण्डे , गंगालाल राजवंशी , वडा नं ९ का वडा सदस्यहरु हरि चौलागाई , संगीता शिवा , वडा नं १० का वडाध्यक्ष दुर्योधन गुरुङ, सदस्यहरु अर्जुन सिटौला, भक्तसिंह राजवंशी , गीता घिमिरे र दिपिका शिवा रहेका छन् । बिर्तामोड १० का पाँचैजनाले राजीनामा दिएपछि सो वडा जनप्रतिनिधिविहीन भएको छ । आगामी निर्वाचनका लागि बैशाख ११ गते मनोनयन दर्ता गर्नुअघि बहालवाला जनप्रतिनिधिहरुको राजीनामा स्वीकृत गरिनु पर्ने हुन्छ । मेयर ध्रुवकुमार शिवाकोटीलाई उनीहरुले बुझाएको राजीनामा शुक्रबार नै स्वीकृत भएको जनाइएको छ ।

**प्रदेश सांसद कार्की र बुढाथोकीले पनि राजीनामा दिने**

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिनका लागि प्रदेश सांसद एकराज कार्की र गोपालचन्द्र बुढाथोकीले पनि राजीनामा दिने भएका छन् । एक नम्बर प्रदेशसभाको सचिवालयले कार्की , बुढाथोकीसहित तीनजना सांसदको राजीनामा आउने जानकारी प्राप्त भएको जनाएको छ । तर,शुक्रबारसम्म आइपुगेको छैन । प्रदेश सांसद कार्कीले बिर्तामोड नगरपालिकाको मेयर र बुढाथोकीले मेचीनगर नगरपालिकाको मेयरमा उठ्ने आकांक्षा राखेर टिकटको लागि लबिङ गरिरहेका छन् ।

# पाँच वर्षमा बिर्तामोडमा के के काम भयो ?




***बिर्तामोड (प्रस)*** । पाँचवर्षे कार्यकाल सकिन केही साता बाँकी रहेका बेला बिर्तामोड नगरपालिकाले आफ्नो कार्यकालमा भएगरेका प्रगति पुस्तकमार्फत सार्वजनिक गरेको छ । पाँच वर्षमा नियमित प्रक्रियाबाहेक बिर्तामोड नगरपालिकाले उल्लेखनीय काम गर्न सकेको देखिदैन । बाटोघाटो , पुलपुलेसा,विद्युत , खानेपानी , विद्यालय ,तालिम ,अनुदानजस्ता नियमित कामकारवाही मात्र नगरपालिकाले गर्न सकेको हो । निर्वाचन जित्नुअघि नगर प्रमुख ध्रुवकुमार शिवाकोटीले ७५ बुँदे प्रतिवद्धता व्यक्त गरेका थिए । बिर्तामोडको राजमार्गमा आकाशे पुल , ठाउँ ठाउँमा सार्वजनिक शौचालय र स्नान गृह , स्मार्ट सिटी ,अधुवा खोलाको दुवै किनारमा हरियाली मार्ग , ल्यान्डफिल्ड साइटको व्यवस्थापनजस्ता उनको प्रतिवद्धता गफमै सीमित रह्यो । त्यस पुस्तकलाई हेर्दा नगर प्रमुखले चुनावअगाडि प्रतिबद्धता जनाएका एउटै कार्यक्रम र योजना पनि समावेश छैनन् । पुस्तकमार्फत धेरै काम गरेको देखाउन खोजेपनि नयाँ र उल्लेखनीय काम भएको औंल्याउन सक्ने अवस्था छैन । प्रस्तुत छ बिर्तामोड नगरपालिकाले पाँच वर्षमा गरेका कामको विवरण जस्ताको त्यस्तै ।

(बाँकी दोस्रो पृष्ठमा )




# एमाले र राप्रपाका भन्दा आफू अब्बल

## -वडाध्यक्ष उम्मेदवार कार्की

***बिर्तामोड (प्रस)*** । नेपाली कांग्रेसबाट बिर्तामोड नगरपालिका वडा नं. ८ को वडाध्यक्षमा चिरञ्जिवी कार्कीले उम्मेदवारी घोषणा गरेका छन् । नेपाली कांग्रेस बिर्तामोडको ८ नं वडा समितिबाट सर्वसम्मत वडाध्यक्षमा सिफारिस भएका कार्कीले शुक्रबार पत्रकार सम्मेलनमार्फत आफ्नो उम्मेदवारी घोषणा गरेका हुन् । वडाबासीहरुको अत्यधिक मतले विजयी हुने आत्मविश्वास बोकेका युवा उम्मेदवार कार्कीले नेकपा एमाले र राप्रपाका उम्मेदवारभन्दा आफूलाई अब्बल प्रतिष्पर्धीको रुपमा ठानेका छन् ।




एमालेबाट विष्णु भट्टराई र राप्रपाबाट बहालवाला वडाध्यक्ष अजय कार्की वडाध्यक्षमा उठ्ने भएका छन् । 'उहाँहरु मेरा आफन्त र सहकर्मी हुनुहुन्छ 'उनले भने ,'चुनावी प्रतिष्पर्धामा म आफूलाई अब्बल प्रतिष्पर्धी ठान्छु ।' लामो सयम वैदेशिक रोजगारमा बसेर फर्किएका कार्कीले वडाबासीको चाहना र नेपाली काँग्रेसको वडा समितिको सर्वसम्मत सिफारिसमा आफूले उम्मेदवारी दिने बताए । २०४६ सालमा नेपाल विद्यार्थी संघमा प्रवेश गरी काँग्रेसको राजनीतिमा सक्रिय भएका कार्की २०६५ सालमा वैदेशिक रोजगारीका लागि इजरायल पुगेका थिए । त्यहीँबाट अमेरिका गई केही समय काम गरिसकेपछि नेपाल फर्केर पुनः राजनीति र समाजसेवामा सक्रिय भएको उनको भनाई छ । २०४६ सालमा नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघबाट राजनीतिक यात्रा सुरु गरेका कार्कीले २०५९ सालमा निर्वाचित भई एक कार्यकाल मेची बहुमुखी क्याम्पसको स्ववियु उपसभापति रहुन्जेलसम्म विद्यार्थी राजनीति गरेको जनाएका छन् ।
२०६० सालमा पार्टीको क्षेत्रीय सभापति रहेर पार्टी राजनीति गरेको बताउँदै वडाध्यक्षका उम्मेदवार कार्कीले पूर्व राजा ज्ञानेन्द्रले 'शाही कु' गरेको समयदेखि २०६२/६३ को आन्दोलन सफल हुन्जेल महत्वपूर्ण योगदान गरेको सुनाए । उनले लामखुट्टे नियन्त्रण , धुलो धुवाँ नियन्त्रणजस्ता आफ्नो चुनावी एजेन्डा भएको बताउँदै उनले वडाध्यक्ष भए आफूले पाउने मासिक पारिश्रमिक विपन्न परिवारका बालबालिकाको अध्ययनमा खर्च गर्ने उद्घोष गरे ।
कार्कीसँगै वडा सदस्य पदमा धर्मेन्द्र सिटौला र सरस्वती खतिवडाले पनि नेपाली कांग्रेसको तर्फबाट वडा सदस्यको उम्मेदवारी घोषणा गरेका छन् । पत्रकार भेटघाटमा नेपाली काँग्रेस बिर्तामोड ८ का वडा सभापति उत्तम कटुवालको उपस्थिति रहेको थियो ।

शुभ साइत बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रगढी , झापा

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

यस शुभ साइत बचत तथा ऋण सहकारी संस्था लि. को लागि केही कर्मचारी आवश्यकता परेकोले इच्छुक व्यक्तिले आफ्नो बायोडाटासहित तुरुन्त सम्पर्क राख्नु होला ।

बजार प्रतिनिधि : ५ जना ( महिला वा पुरुष)
योग्यता : S.L.C. वा सो सरह
निवेदन दिने अन्तिम मिति : २०७९/०१/१८ गतेसम्म
अन्तर्वार्ता मिति : २०७९/०१/२० गते
निवेदन दस्तुर : रु.२००।-
तलब : आपसी समझदारीमा
सम्पर्क नं. : ०२३-४५५६३९ , ९८५१०९४६८७

**प्राइम लाइफ**
प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना | सम्पर्क |
|---|---|---|---|---|
| १ | १२३०००४६७१ | प्रविना दाहाल | ईलाम-६ | ९८४२७७६२०० |

# बिर्तामोड...

लाख रुपैयाँ संकलन गरेको छ ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षातर्फ :**
आर्थिक वर्ष २०७७/७८ सम्मको तथ्याङ्कअनुसार बिर्तामोड नगरपालिकामा जेष्ठ नगारिक भत्ता (७० वर्ष भन्दा माथि) को संख्या ३ हजार ६४१ जना, जेष्ठ नागरिक भत्ता (दलित) १८९ जना, जेष्ठ नागरिक एकल महिला ८१२ जना, विधवा १ हजार ११७ जना, पूर्ण अपाङ्गता भत्ता २४४ जना, अति अशक्त अपाङ्गता भत्ता २४१ जना, दलित बालबालिका २२९ जना, लोपोन्मुख जाति १५८ जनाले लिँदै आएका छन् । आर्थिक वर्ष २०७७/७८ सम्मको तथ्याङ्क अनुसार बाहिरबाट बिर्तामोडमा बसाई सरी आएको संख्या ३ हजार ३३१ रहेको छ भने बिर्तामोडबाट बसाई सरेर जानेको संख्या ८२९ रहेको छ ।

**राजश्व परिचालनतर्फ :**
- करका मुख्य शीर्षकहरुमा राजश्व संकलनको दरमा बृद्धि
- व्यवसाय दर्ता तथा खारेजी सम्बन्धी व्यवस्थापकीय कार्यमा सुधार
-व्यवसाय दर्ता, नवीकरण तथा बहालकर सम्बन्धी घुम्ती सेवा सञ्चालन
-बहालकर संकलन कार्य प्रभावकारी रुपमा सञ्चालन गरी, राजश्वमा बृद्धि
-बुधबारे सटर भाडा, बिर्ताबजार, गरामनी टहराको भाडा असुलउपर गर्ने कार्य गरिएको।
-पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर निर्धारण गर्न नीतिगत तथा कानुनी व्यवस्थामा परिवर्तन गरिएको ।
-राजश्व संकलनमा आवश्यक पर्ने कानुनी बन्दोवस्तको कार्य गरिआई ठेक्का बन्दोवस्त कार्यविधि, व्यवसाय कर संकलन कार्यविधि आर्थिक ऐन तर्जुमा गरी कार्यान्वयन गरिएको ।
-दण्ड तथा जरिवानाको प्रावधान राखी सडक अतिक्रमण तथा फोहोर जथाभावी फाल्नेलाई आवश्यक कारबाहीको व्यवस्था गरियो ।
-राजश्व परामर्श समितिको बैठक समय सीमाभित्र राखी आवश्यक निर्णय लिने व्यवस्था मिलाइयो।
-राजश्व सुधार कार्य योजना तर्जुमा गर्ने कार्यलाई अघि बढाइयो।

**घर नक्सा व्यवस्थापनतर्फ :**
-बिर्तामोड नगरपालिका योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण सम्बन्धी आधारभूत मापदण्ड निर्माण गरी नगरपालिकाको क्षेत्रभित्र सम्पूर्ण घरहरुलाई मापदण्डअनुरुप निर्माण गराउने, त्यसबाट राजश्व संकलन गर्ने, सुपरीवेक्षण गर्ने र प्रमाण पत्र प्रदान गर्ने
-मापदण्डभन्दा अगावै बनेका घरहरुलाई अभिलेखीकरण गर्ने र राजश्व संकलन गर्ने र प्रमाणपत्र दिने
-अनुगमन गर्ने र मापदण्ड विपरीत निर्माण भएका घरहरुलाई कानून बमोजिम कारबाही गर्ने
- दक्ष कालिगढ र ठेकेदारले मात्र नगरपालिकाको क्षेत्रभित्र घर निर्माण गर्न मिल्ने भएको हुँदा दक्ष जनशक्ति उत्पादनका लागि विभिन्न प्रकारका तालिम आयोजना गरियो ।
-२०७७ सालदेखि यताका हार्डकपीलाई व्यवस्थापन गरी घर नक्साको अनलाइन सिस्टमको थालनी गरियो।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत भएका प्रगति विवरण
- सूचीकृत कुल बेरोजगार संख्या : ७०१ जना
- रोजगारीमा संलग्न श्रमिकको संख्या : १२५ जना
- प्रदान गरिएको औसत रोजगारीको दिन : ६२ दिन
-कुल आयोजना संख्या : २४ वटा कामका लागि पारिश्रमिक अन्तर्गत श्रमिकको ज्यालामा साझेदारीको आयोजना संख्या : १५ वटा
-युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संख्या : ९ वटा
-कामका लागि पारिश्रमिकमा आधारित आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत सञ्चालन गरिने आयोजनाहरुको छनौट गर्न वडासँग समन्वय गरिएको ।
-बैंकिङ्ग प्रणालीबाट श्रमिकको ज्यालाको भुक्तानी गरिएको । बेरोजगारहरुलाई उद्यमशील बनाउन अभिमुखीकरण कार्यक्रम गराई परामर्श दिएको।
-बेरोजगार दर्ता फारम भर्ने व्यक्तिहरुको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा भरी सो व्यक्तिलाई दर्ता गरिएको।
-सञ्चालन गरिएका कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरियो।
-काममा खटिएका श्रमिकहरुका लाभग्राही परिचयपत्र अद्यावधिक गरियो।
-भुक्तानी भएका श्रमिकको ज्याला विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरियो ।
-सम्पन्न भएका कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु
रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरियो ।
- सञ्चालन भएका आयोजनाहरुको निरन्तर रुपमा सुपरीवेक्षण गरिएको छ।
- श्रमिकहरुको प्रतिव्यक्ति ७ लाख रुपैयाँको दुर्घटना बीमा गरिएको छ।

**नगर खेलकुद समिति**
- बिर्तामोडमा सबै वडा वडागत खेलकुद समिति निर्माण गरी नगरको खेलकुद कार्यक्रमलाई अगाडि बढाउने कार्य गरियो।
-वडास्तरीय फुटबल खेलबाट नगरको उत्कृष्ट खेलाडी छनोट गरी नगरको टिम तयार गरियो।
- कराते खेलस्तर उन्नतिको लागि विभिन्न कार्यक्रमहरु सम्पन्न गरियो।
-म्याराथुन रेसको आयोजना गरी नगरभित्र रहेका धावकहरुलाई उत्साहित गराउने काम गरियो।
- नगरका पुराना खेलाडीहरुलाई समेटेर तीर धनुस दधिकादो, कबड्डीलगायतका खेलहरुको आयोजना गरियो ।
-वडास्तरीय भलिबल प्रतियोगिता सम्पन्न गरियो । भेट्रान खेलको समेत आयोजना गरियो।
- विद्यालय स्तरीय महोत्सवको आयोजना गरी विभिन्न खेलको आयोजना गरी विद्यार्थी र विद्यालयलाई खेलक्षेत्रमा प्रेरीत गर्ने काम गरियो ।
-पालिकाहरुले पठाएका विभिन्न खेलकुद प्रतियोगितामा सहभागी भएर ट्रफी तथा मेडल जितियो।
-वडा नम्बर ६ र ७ मा रहेका विभिन्न खेल मैदानको स्तरोन्नति गरिएको छ।

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**
-बाख्रापालन, ढाका बुनाई, ब्याग बनाउने, कुक ब्युटीपार्लर, सिलाई कटाई, मौरीपालन, मोटरसाइकल मर्मत, अर्गानिक कपुरधुप निर्माण, अचार बनाउने, कुखुरापालनलगायत विभिन्न प्रकारका तालिम ५ सय जनालाई उद्यम विकास प्रदान गरियो।
-तालिममा प्रयोग भएका उपकरण तथा प्रविधि व्यक्तिगत र समूहगत गत गरी ३ सय जनालाई प्रदान गरियो । केही उपकरण खरिद प्रक्रियामा रहेको छ ।
-उद्यम विकासका लागि सामाजिक परिचालनअन्तर्गत अभिमुखीकरण, घरधुरी सर्वेक्षण, समूह गठनलगायतका कार्यक्रम सम्पन्न गरियो।

**यस ५ वर्षको अवधिमा खरिद गरेका सवारी साधनहरु यस प्रकार छन् :**
- टिपर ठुलो ३ वटा
-जेसीभी २ वटा
-टिपर सानो १ वटा
-दमकल १ वटा
- ट्रयाक्टर ३ वटा
- रोलर १ वटा
- पानी ट्यांकर १ वटा .
-साना सवारी गाडी ३ वटा
- ग्रेडर १ वटा


## झाडापखाला तथा बान्ताबाट बच्न

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पाखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मेचीनगरमा गठबन्धनबीच सहमति

मेचीनगर । नजिकिएको स्थानीय तहको चुनावको लागि मेचीनगरमा गठबन्धन दलहरुबीच उम्मेद्वार बाँडफाँटको टुङ्गो लागेको छ ।

गठबन्धनभित्रका पार्टीबीच निकै लामो छलफल र वार्तापछि सहमति भएको माओवादी केन्द्र मेचीनगरले जनाएको छ । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजबादी पार्टीबीचको गठबन्धनले शुक्रबार मेचीनगरको मेयर, उपमेयरसहित वडा अध्यक्ष उम्मेद्वारको टुङ्गो लगाएको माओवादी केन्द्र मेचीनगरको निर्वाचन परिचालन समितिले जनाएको छ । लिम्बुवान मुक्ति मोर्चा र जनमुक्ति पार्टीबीच छलफलकै क्रममा रहेको छ ।

नेपाली काँग्रेसलाई ३८ सिटमा उम्मेद्वार दिने सहमति भएको छ भने नेकपा माओवादी केन्द्रले २१ सिट पाउने भएको छ । त्यसैगरी एकीकृत समाजवादीले ८ सिट र जनता समाजवादी पार्टीले पनि ८ सिट पाउने गरी सहमति भएको जनाइएको छ । मेचीनगरमा ८० सिटमा उम्मेद्वार निर्वाचित हुने छन् । १५ वडामा वडाध्यक्षको टुंगो लागेको छ । नेपाली काँग्रेसले ९ सिट, माओवादी केन्द्रले ४, जसपा र एकीकृत समाजवादीले १-१ सिट पाउने सहमति भएको छ ।


# Shivasatakshi Municipality

**Office of the Municipal Executive**

## Invitation For Sealed Quotation

**First Date of Publication: 22thApril 2022**
**Last Date of Submission: 7thMay 2022 12:00 PM**

1. The Shivasatakshi Municipality, office of the Municipal Executives invites sealed quotations for the Operation of Registration camp for vital events Registration, Social security and related complaint

| S. N | Name of Product | Contract identification no. | Total Estimate cost | Bid Security Amount (NRs) | Cost of Sealed Quotation (NRs) |
|---|---|---|---|---|---|
| 1 | Tablet | SM/SQ/VITAL-1/-RFQ | 1132000 | 28300 | 1000 |

2. Eligible Bidders may obtain bidding documents form Shivasatakshi Municipality on or before 6thMay 2022During office hour.
3. A pre-bid meeting shall be held at the office given below at 13.00 hrs on 28thApril2022.
4. Sealed bids must be delivered to the address below on or before at 12.00 hours of 7thMay 2022. Late Bids will not be entertained.
5. Bids shall be opened in the presence of the Bidders' designated representatives and anyone who choose to attend at the address below at 14.00 hours on last Date of Bid Submission.
6. In case of last date for purchasing, submission and opening of bids falls on a Government holiday, the next working day shall be considered the last day. In such a case, the bid validity and bid security validity shall be recognized from the original bid submission deadline.
7. The Bidder must Submit Sealed quotation with Financial documents as per bidding document.
8.
9. All the other condition of bidding process will be as per the Public Procurement act 2063 and Public Procurement regulation 2064 and other laws of Nepal.
10. Shivasatakshi Municipality reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever.
11. Information to deposit the cost of sealed Quotation
**Name of the Bank: Mega Bank Nepal Limited, Shiva Satakshi Branch**
**Name of Account: AantarikRajaswoKhata**
**ShivasatakshiMunicipality**
**Office Account no.: 3140010000128**
12. Information to deposit the Bid Security
**Name of the Bank: Mega Bank Nepal Limited, Shiva Satakshi Branch**
**Name of Office: Shivasatakshi Municipality, DharautiKhata**
**Office Account no.: 3140010000161**



# कचनकवल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

## गोलिया/चिरान काठ शिलबन्दी बोलपत्र डाक बढाबढ प्रक्रियाद्धारा लिलाम विक्री सम्वन्धि सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०७९/०१/०९**

यस गाउँपालिका कार्यालय अन्तर्गत तपासिलमा उल्लेखित रहेका वन पैदावार निम्न परिमाणमा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । मु.अ.करमा दर्ता भएका इच्छक कम्पनी वा फर्मले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र खरिदगरी ८ औं दिन, दिनको १:०० बजे भित्र शिलवन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

| सि.नं. | जात | लट नं | थान | चिरन परिमाण | गोलियामा परिणत गर्दा | ग्रेड | दर | न्युनतम मूल्य | संकलन खर्च | वारिसे / वेवारिसे | घाटगद्दी स्थान | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | साल | १ | ९५ | | ४६५.६३ | c | | २,३२,८१५। | २५,४९४।२५ | | घेराबारी प्र.चौ. | |
| २. | साल | २ | २०२ | ३७८.९७ | ५३०.५५ | | | ५,३०,५५०। | २९,०४८।६५ | | घेराबारी प्र.चौ. | |
| ३. | साल | ३ | २८ | | १२४.१९ | c | | ६२,०९५। | ६,८००। | | इ.प्र.का. बनियानी | |
| ४. | साल | ३ | १८ | १७२.३८ | २४१.३३ | | | २,४१,३३०। | १३,२१३। | | इ.प्र.का. बनियानी | |

**बोलपत्र सम्वन्धि शर्तहरुः**
१. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:-
क) खरिद गर्ने मितिः सूचना प्रकाशित भएको मिति देखि २०७९/०१/१५ गते दिनको ४:०० बजे सम्म ।
ख) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मितिः २०७९/०१/१६ गते दिनको १:०० बजे सम्म ।
२. बोलपत्र कचनकवल गाउँ कार्यपालिकाको कार्यालय, बनियानी झापाबाट मात्र खरिद तथा दाखिला गर्न सकिने छ।
३. बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको कार्यालयको NIC Asia बनियानी शाखाको खाता नं. 67CA051019752404 नं. को धरौटी खातामा नगद जम्मा गरेको सक्कलै भौचर वा कार्यालयको नगदी रसिद समावेश हुनु पर्ने छ।
४. बैक जमानत धरौटीको रुपमा पेश गरिएमा यस्तो जमानत कम्तिमा ६ महिना अवधि सम्मको लागि बैक ग्यारेण्टी भएको हुनु पर्ने छ।
५. बोलपत्र फारामको हकमा रु.१०००।०० (पछि फिर्ता नहुनेगरी) तिरी यस कार्यालयको राजस्व/आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ ।
६. लिलाम बढाबढ हुने काठ इलाका प्रहरी कार्यालय बनियानी, प्रहरी चौकी घेराबारीमा गई हेर्न सकिने छ।
७. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाईटरको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्ने छ ।
८. निर्धारण गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्नआएका बोलपत्रहरु मिति २०७९/०१/१६ गते दिनको १:३० बजे यस गा.पा. कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र आफ्नै पहलमा सम्पूर्ण खर्च व्यहोरी उठाई लैजानु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको मितिले २१ दिन भित्र वन पैदावार इजाजत लिई उठाई लगि सक्नुपर्ने छ । प्रत्येक लट नं.का संकलन खर्च बापतको सुचनामा उल्लेखित रकम बोलकबोल रकम भन्दा अलग्गै बुझाउनु पर्नेछ।
११. बोलपत्र खरिद गर्न आउदा यस आ.व.का लागि नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, मु.अ.कर प्रमाण पत्र र म्याद भित्रको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ।
१२. सहि छापं नभई तथा शिलवन्दी नभई प्राप्त भएका बोलपत्र / दरभाउ पत्रलाई समावेश गरिने छैन ।
१३. बोलपत्रमा कुनै शर्त उल्लेख गरिएको पाइएमा उक्त बोलपत्र / दरभाउपत्र स्वीकृत गरिने छैन ।
१४. जुन कम्पनी/फर्मबाट बोलपत्र खरिद गरिएको हो सोही फर्म वा संस्थाबाट हस्ताक्षर र छाप सहित पेश भएको बोलपत्र / दरभाउपत्र मात्र मान्य हुने छ।
१५. तोकिएको लटको लागि खरिद बोलपत्र अर्को लटको लागि प्रयोग गर्न पाईने छैन ।
१६. तोकिएको दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिनेछ ।
१७.अन्य थप कुरा आवश्यक परेमा यस कार्यालयको सूचना बोर्डमा हेर्न तथा प्रशासन शाखाबाट कार्यालय समयमा जानकारी लिन सकिनेछ।
१८. दरभाउ पत्रको लटमा उल्लेखित प्रत्येक जात र ग्रेड अनुसारको सकार रकम छुट्टा छुटै स्पष्ट उल्लेख गरी लेख्नुपर्ने छ।
१९. यसमा उल्लेख नभएका अन्य कुरा वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ / सार्वजनिक खरिद ऐन तथा नियामवाली २०६४ बमोजिम हुने छ।
२०.कचनकवल गा.पा.भन्दा बाहिर लैजानु परेमा डिभिजन वन कार्यालय, झापासँग आफै समन्वय गरी छोडपूर्जी बनाउनु पर्नेछ।
२१.बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
२२.लिलाम बिक्री सम्बन्धी कामकारवाहीका सम्बन्धमा कुनै विवाद भए कार्यालयको निर्णय नै अन्तिम मानिनेछ।



# हरि ओम UPVC उद्योग



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरुः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरु निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### सीमामा तस्करी

अहिले देश आर्थिक संकटको भुमरीमा छ । यस्तो बेला सीमा भन्सारमा करोडौं रुपैयाँ राजस्व छली गरिएको विषयलाई लिएर राजस्व अनुसन्धान विभागले विशेष अदालतमा मुद्दा दायर गरेको छ । राजस्व छलीमा संलग्न विभिन्न फर्मका सञ्चालक तथा व्यक्तिविरुद्ध दायर गरिएको यो पछिल्लो मुद्दाले देशको चालू अर्थतन्त्र र यसको सञ्जालमा अनगिन्ती प्वाल, सुरुङहरु छन् भन्ने स्पष्ट रूपमा देखाएको छ । यिनै लुपहोलले देशमा उठ्ती हुनुपर्ने जति राजस्व उठ्तीमा समस्या निम्त्याउने गरिरहेका छन् । राजस्व छली गरेका ६ जना व्यक्तिविरुद्ध ४२ करोड ४ लाख ७६ हजार ७ सय ४६ रुपैयाँको मुद्दा दायर गरिनुले पनि नेपालको भन्सारको वास्तविक हालत यथार्थमा बाहिर ल्याएको छ । यो मुद्दा त नेपालको समग्र आर्थिक कारोबार हुने हजारौं आइटममध्ये भारतबाट भन्सार छलेर कपडा भित्र्याउने १ जना भारतीयसहित ६ जनाविरुद्धको त्यो पनि एकपटकको राजस्व छलीको एउटा अभिव्यक्ति उदाहरण मात्र हो । राजस्व छलीका यस्ता घटना हरेक क्षणमा हुने गरेका छन् । यस्ता कर्मका लागि अथाह छिद्रहरू नियमित सञ्चालनमा छन् । केवल ठूला गाडी, मालबाहक साधन आदिको विषय मात्र कहिलेकाहीं खोजी तथा निरीक्षणमा परेको देखिन्छ । त्यो पनि आधिकारिक भन्सार नाकाबाटै भएको हुन्छ । यसका अतिरिक्त चोर बाटोहरूबाट दैनिक मालसामान ओसारपसार भइरहेकै हुन्छ । त्यहाँ पनि गाडीहरू प्रयोग गरेको पाइन्छ । सीमा इलाकामा मानिसको लाइन लागेर सामान ओसारपसार गर्ने ज्यालादारी काम त दैनिकजसो क्षणक्षणमा भइरहेको हुन्छ । यसको नियन्त्रण र रखवारी कहिल्यै पनि हुन सकिरहेको छैन ।

त्यसैले नेपाल सरकार राजस्व छलीको मामलामा निकै चनाखो हुनुपर्छ । नेपाल–भारतको सीमा इलाकामा रहेका नाका तथा भन्सार क्षेत्रमा आवश्यक सतर्कता अपनाउनुपर्छ । अहिले राजस्व चुहावटले देशमा भयावह संकट खडा गर्दै छ । विभिन्न फर्महरूले गर्ने गरेको चोरी निकासी तथा पैठारी भयावह बन्दै छ । सामानहरू बिनाबिलबिजक बिक्रीवितरण भइरहेका छन् । कतिपय स्वदेशी उत्पादन बेलैमा पैठारी गरिनु पर्नेमा सरकार र सरकारी निकायको असक्षमताका कारण पनि तस्करी पैठारी मौलाउने गरिरहेको छ । यसलाई सरकार र मातहतका निकायले गम्भीरताका साथ बोध गरी क्षमता र आचरण सच्याउनु पनि जरुरी छ ।




# बिर्तामोड नगरपालिकाको पाँचवर्षे प्रगति

२०७४ साल असार १४ गते भएको स्थानीय तहको निर्वाचनबाट बिर्तामोड नगरपालिकामा जनप्रतिनिधिहरु निर्वाचित भएर आएपछि यस नगरपालिका क्षेत्रभित्र भएका विकासका गतिविधिहरु विषयगत रुपमा देहाय बमोजिम छन् ।

**१. भौतिक पूर्वाधार विकासतर्फ :**

- बिर्तामोड नगरपालिकाबाट यस अवधिमा जम्मा ६९ किलोमिटर मुख्य सडकहरु कालोपत्रे गरिएको छ ।

-बिर्तामोड बजार तथा ग्रामीण भेगका अधिकांश टोलहरु जोड्ने १७ किलोमिटर सडकमा पेवर्स तथा ब्लक लगाइएको छ ।

-नगरका सबै वडामा आवश्यकता अनुसार सडक ग्राभेल गर्ने कार्य गरिएको छ । नगरभित्र रहेका २२५ किलोमिटर कच्ची सडकमा ग्राभेलिङ गरी स्तरोन्नति गरिएको छ ।

- नगरका विभिन्न स्थानमा साना ठूला पुल तथा कल्भर्ट १२० वटा निर्माण गरिएको छ । साथै ७ वटा फलामे पुल र १ वटा झोलुङ्गे पुल निर्माण गरिएको छ ।

-नगरभित्र विशेष गरी शहरी क्षेत्रका विभिन्न स्थानहरुमा २५ किलोमिटर नाला, ड्रेन तथा प्लम लगाइएको छ । साथै ग्रामीण क्षेत्रहरुमा पानी निकासका लागि विभिन्न सडकहरुमा २५०० थान ह्युमपाइप जडान गरिएको छ ।

- बिर्तामोड नगरपालिका क्षेत्रभित्र १०७ वटा सामुदायिक भवन (जेष्ठ नागरिक भवन, स्वास्थ्य चौकी, सामुदायिक विद्यालय, मलामी घर, धर्मशाला, कभर्ड हल, संघ संस्थाका भवन) निर्माण गरिएको छ । विभिन्न दाताहरुबाट स्वास्थ्य केन्द्र, वडा कार्यालय, खोप केन्द्र सामुदायिक )भवन निर्माण गर्न करिब २ बिगाह जग्गा निःशुल्क प्राप्त भएको छ ।

-नगर क्षेत्रभित्रका विद्युतीकरण नभएका गाउँ टोलहरुमा टुकीमुक्त अभियान अन्तर्गत विद्युत पोल तथा तार व्यवस्थापन गरी विद्युत विस्तार गरिएको छ ।

- नगरपालिकाको आफ्नो प्रशासनिक भवन र वडा नम्बर १, २, ३ र १० को आफ्नै भवन निर्माण निर्माण गरिएको छ भने वडा नम्बर ४, ५, ७, ८, ९ भाडामा रहेका छन् र वडा नम्बर ६ को कार्यालय निर्माणाधीन अवस्थामा छ ।

- २ करोड रुपैयाँको लगानीमा बिर्तामोडको पर्यटकीय क्षेत्र विराटपोखरी,सदुमधु पोखरी, सहिद नेत्र पार्क र गरामनीको दुर्गा शक्ति पीठको स्तरोन्नति गरिएको छ ।

- ५० लाख रुपैयाँको लगानीमा बिर्ताबजारको काली मन्दिर पुनःनिर्माण गरिएको छ ।

- वडा नम्बर ८ मा रहेका अतिविपन्न ३७ परिवारका लागि आधारभूत सेवा सुविधासहितको आवास निर्माण गरी नगर गौरव भिलेज स्थापित गरिएको छ । उक्त नगर गौरव भिलेजको तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओलीले उद्घाटन गरेका थिए । बिर्तामोड नगरपालिकाको लोकप्रिय कार्यक्रम 'विपन्न आवास' अन्तर्गत यस ५ वर्षको अवधिमा ५०६ वटा आवास निर्माण गरेर विपन्न तथा गरिब परिवारलाई हस्तान्तरण गरिसकिएको छ । साथै चालु आ.ब. मा थप १०० वटा घर निर्माण गरिनेछ ।

- वडा नम्बर २ र १० मा १६२ वटा विपन्न परिवारको घरको फुसको छानो हटाएर जस्तापाता लगाइएको छ ।

- बिर्तामोड बजारको मुक्तिचोक पूर्व-पश्चिम-उत्तर-दक्षिण ६५ वटा सिसी क्यामेरा जडान गरिएको छ ।

- प्रदेश सरकारको सहयोगमा बिर्तामोड नगरपालिका वडा नम्बर ३ मा डोमालाल राजवंशी रङ्गशाला र बिर्तामोड वडा नम्बर ४ मा रहेको मदन भण्डारी खेलग्राम निर्माण भइरहेको छ ।

- नगरपालिकाले नगरवासीको समस्यालाई ध्यानमा राख्दै नदी कटान नियन्त्रणका लागि विभिन्न खोला खोल्सीहरुमा ९ किलोमिटर तटबन्ध गरेको छ ।

- बिर्तामोड नगरपालिका क्षेत्रभित्रका १० वटै वडामा गरी विपन्न कृषकहरुको घरमा ३५१ थान गोबरग्यास जडान गरिएको छ । बिर्तामोड नगरपालिकाले बिना भेदभाव समानुपातिक र सन्तुलित रुपमा सञ्चार क्षेत्रको प्रबर्द्धन र विकास गर्न प्रारम्भ गरिएका कार्यक्रमहरुलाई निरन्तरता दिएको छ । नगरबाट प्रकाशन प्रसारण हुने पत्रपत्रिका, रेडियो टेलिभिजन र अनलाइनको विकास र प्रबर्द्धनका लागि वार्षिक रुपमा लोक कल्याणकारी विज्ञापनका लागि अनुदान प्रदान गर्दै आएको छ ।

**शिक्षातर्फ :**

यस तालिकामा शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा नगरका सबै वडामा भएका विकासका गतिविधिहरु समावेश गरिएको छ ।

१. विद्यालयहरुमा २ कक्षा कोठा थप भएका भवन -६ वटा

२. ४ कोठा विद्यालय भवन निर्माण भएका -६ वटा

३. नयाँ शौचालय निर्माण भएको- ५ वटा

४. पुरानो शौचालय मर्मत भएको -१३ वटा विद्यालय

५.खानेपानी फिल्टर प्लान्ट- १८ वटा (७ वटा विद्यालयमा अन्य क्षेत्रबाट व्यवस्थापन भएको)

६. वालविकास केन्द्रको पार्केटिङ - १५ वटा (२७ वटा कक्षा कोठा)

७. खाजा घर निर्माण-९ वटा (विद्यालय व्यवस्थापनमा ४ वटा)

८. पुरानो खाजा घर मर्मत- ६ वटा

९. विद्यालय घेराबारा - ५ वटा

१०. खेल मैदान निर्माण- २ वटा (महेन्द्ररत्न र मदन भण्डारी खेलग्राम)

११. आइसिटी (क्ष्क्त) - १२ वटा

१२. प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन- ४० वटा (कक्षा १ देखि ५सम्म)

१३. पुस्तकालय निर्माण -११ वटा

१४. विज्ञान प्रयोगशाला निर्माण ८ वटा

१५. स्टेज निर्माण- १ वटा

१६. जग्गा व्यवस्थापन -१ (महेन्द्ररत्न माध्यमिक विद्यालय)

१७. महेन्द्ररत्न मावि - २ वटा भवन

१८. संघ र प्रदेशबाट प्राप्त रकमबाट स्मार्ट बोर्डसहितको प्रविधिमैत्री कार्यक्रम - ६ वटा

१९. ई-हाजिरी जडान र नेट -१८ वटा

२०. बुक कर्नर तथा र्याक निर्माण(बाल विकास कक्षा)- २७ वटा

२१. ल्यापटप वितरण (प्रति विद्यालय १ थान) - १८ वटा

२२. अटिजम कक्षा कोठा व्यवस्थापन -३ कोठा

२३ प्राविधिक कार्यक्रम सञ्चालन भएका विद्यालय -१ सामुदायिक

२४. सिटिइभिटीका प्राविधिक शिक्षण सञ्चालन गर्ने संस्थाहरु - २ वटा सामुदायिक,७ वटा निजी

-गरामनी क्याम्पस सञ्चालनका लागि दाताबाट ९ कठ्ठा जग्गा प्राप्त गरी भवन निर्माण सम्पन्न गरिएको छ ।

-बिर्तामोड नगरपालिकाभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम/पाठ्यपुस्तकका रुपमा आचरण शिक्षा लागु गरिएको छ । जसबाट बालबालिकाहरुमा स्थानीय स्तरको भौगोलिक, आर्थिक ऐतिहासिक, पौराणिक, पुरातात्विक, संस्कृति, नैतिक मूल्य र मान्यता जस्ता विषयमा जानकारी प्राप्त भएको पाइन्छ । साथै नगरपालिकाले शैक्षिक विकास गर्न आफ्नो नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकतामा राखेको छ ।

-ल्यापटप वितरण गरिएका प्रत्येक विद्यालयमा १ जना शिक्षकलाई तालिमको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिकाहरुलाई सीपमुलक तालिम प्रदान गरियो । बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई विद्यालय पोशाकको व्यवस्था गरिएको छ ।

- आर्थिक वर्ष २०७६/०७७ देखि बालविकास केन्द्रका सहजकर्ता र विद्यालयका कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराइएको छ ।

-सबै सामुदायिक विद्यालयहरुमा शुद्ध स्वच्छ पिउने पानी, सफा शौचालय अभियान तथा फिल्टरसहितको खानेपानीको व्यवस्थापन ।

-सबै सामुदायिक विद्यालयहरुमा विद्यालयको अभिलेखीकरणलाई व्यवस्थित गर्न र जिन्सी र लेखा श्रेस्तालाई व्यवस्थित गर्न विद्यालयको प्र.अ. र लेखा कर्मचारीलाई ३ दिने तालिमको व्यवस्था गरी लेखा प्रणालीलाई व्यवस्थित गर्न शुरु गरिएको छ।

-पर्यटन क्षेत्रको जनशक्ति उत्पादनका लागि नाथुराम कलेज स्थापना र सञ्चालन ।

-आ.व. २०७४/०७५ सम्मको अवस्थामा न्युन विद्यार्थी संख्या भई विद्यालय बन्द हुने अवस्थामा रहेको शहीद लक्ष्मी प्राथमिक विद्यालय बिर्तामोड-९ लाई नगरपालिकाबाट विद्यालयको भौतिक, शैक्षिक, आर्थिक पक्षमा लगानी गरी अभिभावक तथा स्थानीय समुदायको सक्रियतामा पुनः परिचालनबाट उक्त विद्यालयमा शैक्षिक क्रियाकलाप सञ्चालन गरी सो विद्यालय नमूनाको रुपमा विकास गरिएको छ । सबै सामुदायिक संस्थागत विद्यालयहरुमा सघन अनुगमन गरी पृष्ठपोषण विद्यालयहरुमा प्रदान गरिएको छ ।

-आर्थिक अवस्था कमजोर भएका नगरका १७ वटा सामुदायिक विद्यालय तथा ३ वटा धार्मिक विद्यालयका ३ हजार ७ सयभन्दा बढी विद्यार्थीलाई पोशाक वितरण गरिएको छ ।

- संस्थागत विद्यालयमा न्यूनतम् १० प्रतिशत गरिब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति कार्यक्रम

- विद्यालय खाजा कार्यक्रम

- निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम

- इ-हाजिरीको व्यवस्था

- नमूना विद्यालय विकास कार्यक्रम

-धार्मिक विद्यालय (मदरसा, गुरुकुल लगायत) शैक्षिक कार्यक्रममा सहयोग

**पशुपंक्षी तथा मत्स्य विकासतर्फ :**

नगरपालिकाका विपन्न तथा साना किसानहरुको गाईगोठ सुधारका लागि अनुदान दिई ३०६ वटा गाईगोठ निर्माण, ४१८ वटा बाख्राको खोर निर्माण तथा ४९५ वटा बाख्रा, १४ वटा बोयर जातका बोका समेत वितरण गरियो । ३७२ वटा बंगुर खोर निर्माण तथा ३३० वटा बंगुर वितरण गरियो । ७५ वटा लोकल कुखुराको खोर निर्माण तथा ७०० वटा कुखुराका चल्ला वितरण गरियो ।

- च्यापकटर (घाँस काट्ने मेसिन) २८० जना कृषकहरुलाई वितरण गरिएको छ ।

-नगरपालिकाको तर्फबाट विभिन्न स्थानमा ४० वटा फ्रेस हाउस निर्माण गरिएको छ ।

- दुग्ध व्यवसाय गर्ने २२ जना किसानहरुलाई मिल्क क्यान वितरण गरियो।

- पशुपक्षी तथा मत्स्य विकास शाखाले ५ पटकमा १२ सय वटा सामुदायिक कुकुर बन्ध्याकरण गरेको छ ।

- गाईभैंसीमा नश्ल सुधारका कार्यक्रम, हिउँदे तथा बर्खे घाँस वितरण, बोका, गोरु, राँगा र बंगुर बन्ध्याकरण सेवा सञ्चालन, महामारीजन्य रोगहरुको खोप, सबै प्रकारका रोगहरुको शिविरमार्फत् उपचार, गाई, भैंसी र बाखामा पशु बीमा कार्यक्रम, डालेघाँस वितरण कार्यक्रम, सबै वडाका कृषकहरुलाई पशु तथा कृषि बीमा तालिम, पशुहरुलाई खोरेत, स्वाइन फिबर, चरचरे भ्यागुते, मिनिकिट वितरण लगायतका महत्वपूर्ण कामहरु पनि सम्पन्न गरेको छ ।

-वडा नम्बर ४ मा कार्यालय भवन निर्माण सम्पन्न गरी पशुपंक्षी तथा मत्स्य विकास शाखा आफ्नै भवनमा सारिएको छ । पशु आहार व्यवस्थापनका लागि साइलेस मेसिन ठूलो र मिनी साइलेस मेसिन वितरण गरिएको छ । रेबिज उन्मूलनका लागि विभिन्न कार्यक्रम सम्पन्न गरियो भने कुकुर तथा बिरालोका लागि ३६५ दिन नै निःशुल्क खोप वितरण गरियो। यस शाखाले बजार प्रबर्द्धन अन्तर्गत बंगुर पकेट कार्यक्रम सञ्चालन, साना किसानहरुका लागि मत्स्य पालन पकेट कार्यक्रम सञ्चालन गरेको छ । स्वस्थ दूध उत्पादनका लागि थुनिलो रोग निवारण कार्यक्रम, बाँझोपन निवारण कार्यक्रम, कृत्रिम गर्भाधान कार्यक्रम सम्पन्न गरेको छ । संघीय सरकारको अनुदानमा बिर्तामोडमा मिट मार्टको स्थापना गरिएको छ ।

**कृषि विकासतर्फ :**

- विभिन्न वडामा ५३७ वटा मोटर बोरिङ जडान गरी करिब २००० बिघा जग्गामा सिँचाइको व्यवस्था गरिएको छ । यो वर्ष १५० वटा मोटर बोरिङ जडान गरी थप ४५० बिघा जमिनमा सिँचाइको व्यवस्था गरिनेछ ।

-कृषकहरुलाई विभिन्न औजार उपकरण हस्तान्तरण गर्ने कार्यक्रमअन्तर्गत ८ वटा पावर टेलर, ९० वटा मकै छोडाउने मेसिन, १७ वटा धान काट्ने मेसिन, ८ वटा चिया टिप्ने मेसिन, ९ वटा मिनी टेलर हस्तान्तरण गरिएको छ ।

-मेयर विषादीमुक्त कार्यक्रमअन्तर्गत १३८ वटा कृषक समूहहरुलाई प्लास्टिक, ग्रिनेट स्प्रे ट्यांकी, मलचिङ्क तथा २५ टन कृषि चुन वितरण गरिएको छ । यसैगरी १ लाख ३८ हजार विभिन्न फलफूलका बिरुवा वितरण गरिएको छ ।

-मेयर पकेट कार्यक्रमअन्तर्गत ९० बिघा जग्गामा आलु खेती, १०० बिघा जग्गामा सूर्यमुखी, ६० बिघामा राजमा, ३०० बिघा जग्गामा तोरी खेती, ६० बिघामा फापर खेती गर्न, २० बिघामा कछु खेती गर्न कृषकहरुलाई बीउबिजन तथा विभिन्न कृषिजन्य औषधी उपलब्ध गराइएको छ । ११ वटा माछा पोखरी निर्माणका लागि अनुदान दिइएको तथा माछा भुरा उत्पादनको लागि १ जना कृषकलाई अनुदान दिइएको ।

-कृषि शाखाले व्यावसायिक कृषकहरुको लागि धान तथा तरकारीको लागि विषादी, मकैको बीउ, कौसी खेतीको लागि तालिमलगायत नगरस्तरीय विभिन्न कृषक समूहहरुलाई बीउविजन समेत वितरण गर्दै आएको छ ।

-यस नगरपालिकाअन्तर्गत कृषिथोक बजारमा रहेको ल्याबमा विषादी परीक्षण गर्दा ३५ भन्दा माथि विषादीको भ्याल्यु रहेकोमा मेयर विषादीमुक्त कार्यक्रमहरु सञ्चालन गरेपश्चात् हाल विषादीको भ्याल्यू न्यूनतम ५ प्रतिशतसम्म आएको अवस्था देखिन्छ । साथै उक्त प्रयोगशालालाई थप प्रभावकारी बनाउन नगरपालिकाबाट आवश्यक स्रोत साधन तथा जनशक्ति उपलब्ध गराइएको छ ।

-नगरभित्रका मौरीपालक किसानहरुका लागि आवश्यक तालिम तथा ४२ वटा घारसहितको मौरी वितरण गरिएको छ ।

-कृषिथोक उपज बजारमा ५० लाख रुपैयाँको लागतमा बजार केन्द्र भवन निर्माण गरिएको छ ।

-वडा नं. ७ मा दूध चिस्यान केन्द्र स्थापना गरिएको छ ।

- ६ करोड रुपैयाँको लागतमा देउनिया सिँचाइ आयोजना निर्माण भइरहेको र यस परियोजनाले २०० बिघा जग्गा सिञ्चित हुनेछ ।

- वडा नम्बर ७ मा २ वटा, वडा नं. ८ मा १ वटा र वडा नं. ६ मा १ वटा डिप बोरिङ निर्माण गरिएको छ ।

-च्याउ उत्पादनका र धान उत्पादनका लागि एक-एक कृषक समूहलाई अनुदान उपलब्ध गराइएको छ । तरकारी उत्पादनका लागि २० जना साना किसानलाई अनुदान उपलब्ध गराइएको छ ।

**स्वास्थ्य शाखातर्फ :**

-यस अवधिमा १० वटै वडामा जग्गा प्राप्त भई स्वास्थ्य केन्द्रको भवन निर्माण गरी स्वास्थ्य सेवा प्रवाह गरिएको, नगरमा नगर अस्पताल स्वीकृत गरी बीमासहितको सेवा विस्तार गरिएको, नगर अस्पतालको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।

-नगरपालिका क्षेत्रभित्रका चार हजार विपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमा -नगर अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम सुरु गरी नगरका १० वटै वडाबाट निःशुल्क औषधीसहितको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

- नगर प्रमुखसँग जेष्ठ नागरिक कार्यक्रमअन्तर्गत सुगर र प्रेसरका औषधी निःशुल्क उपलब्ध गराइँदै आएको छ । साथै निःशुल्क स्वास्थ्य शिविर समेत सञ्चालन गर्दै आएको छ ।

-उपमेयरसँग गर्भवती महिला कार्यक्रम सञ्चालन गरी त्यसका माध्यमबाट निःशुल्क क्याल्सियम चक्की वितरण गर्दै आएको छ । गर्भवती महिलालाई निःशुल्क भिडियो एक्स-रे सेवा, निःशुल्क ल्याबको एएनसी प्याकेज र सुत्केरी गराउँदा यातायातको निःशुल्क सेवा प्रदान गर्दै आएको छ ।

- नगर अस्पतालको लागि रोटरी इन्टरनेशनलसँग समन्वय गरी ६ वटा डायलायसिस मेसिन ल्याइएको छ । कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि स्वास्थ्य सामग्री चिकित्सकसहित घरदैलो अभियान गरियो।

-कोभिड १९, हात्तीपाइले, डेंगु लगायत विभिन्न रोगहरु नियन्त्रणका लागि विभिन्न स्वास्थ्य अभिमुखीकरण कार्यक्रम सम्पन्न ।

-सुरक्षित गर्भपतन सेवा बिर्तामोड नगर अस्पतालबाट नियमित रुपमा सुरु।

- सुत्केरी महिलालाई घरमै गई गरिने जाँच सेवा एल्क्रै ज्कभ ख्ष्कष्त सुरु बिर्तामोड नगरपालिकाको समन्वयमा बिर्तामोडस्थित अञ्जली अस्पतालमा निःशुल्क बर्थिङ सेन्टर स्थापना गरी हालसम्म ८३ जनाको नर्मल डेलिभरी र ३१६ जनाको शल्यक्रिया गरी जम्मा ३९९ जनालाई सेवा प्रदान गरिएको । नगर अस्पताललाई प्रदेश स्वास्थ्य आपूर्ति निर्देशनालयमार्फत् पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक उपचारका लागि मेसिन प्राप्त ।

कोभिड तथ्याङ्क

- पिसिआर जाँच संख्या : ५६८२ जना, संक्रमित : ५०५८ जना

- एन्टिजेन जाँच संख्या : ४४३६ जना, संक्रमित : ११२४

-होल्डिङ सेन्टरमा राखेको संख्या : १७७४ जना

-आइसोलेसन हस्पिटलमा भर्ना भएको बिरामीको संख्या : ८६ जना कोभिडबाट

-मृत्यु भएको संख्या : ६७ जना

-सिआईसिटी टिमले संक्रमित बिरामीको घर-घरमा गएर उपचार गरेको संख्या : ४८७७ जना

- हालसम्म कोभिड भ्याक्सिन लगाउनेको संख्या : १,१३,७३२ जना

**न्यायिक समितितर्फ :**

- आर्थिक वर्ष २०७५ /०७६ मा दर्ता भएका १ सय ६६ वटा र जिम्मेवारी सरि आएका २३ वटा गरी १ सय १८९ वटा मुद्धामध्ये १ सय ५५ वटा फछ्र्यौट गरियो ।

- आर्थिक वर्ष २०७६ /०७७ मा दर्ता भएका ८३ वटा र अघिल्लो वर्षबाट सरि आएका ११ वटा गरी जम्मा ९४ वटा मुद्धामध्ये ८५ वटा फछ्र्यौट गरियो ।

- आर्थिक वर्ष २०७७ /०७८ मा दर्ता भएका ५९ वटा र जिम्मेवारी सरि आएका ९ वटा गरी जम्मा ६८ वटा मुद्धामध्ये ५३ वटा फछ्र्यौट गरियो ।

- आर्थिक वर्ष २०७८ /०७९ मा दर्ता भएका ३९ वटा (हालसम्म)र जिम्मेवारी सरि आएका १५ वटा गरी जम्मा ५४ वटा मुद्धामध्ये ३६ वटा फछ्र्यौट गरियो ।

- न्यायिक समितिबाट २ वटा मुद्धा पुनरावेदन गरिएको छ । पुनरावेदनले त्यसमध्ये एउटा मुद्धामा न्यायिक समितिकै फैसला सदर गरिएको छ ।

- वडाका मेलमिलाप केन्द्रलाई न्यायिक निरुपणमा अब्बल बनाई राख्नका लागि मेलमिलाप सम्बन्धी तालिम लिएर योग्यता पुगेका उम्मेदवारहरुलाई मेलमिलापकर्तामा सूचीकृत गरी वडा कार्यालयको मेलमिलाप केन्द्रमा पनि सहज रुपमा उजुरीमाथि मेलमिलाप भईरहेको छ ।

सामाजिक विकास (महिला बालबालिकातर्फ) :

आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७८/०७९ सम्मको (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता) सम्बन्धी उल्लेखनीय प्रगति भएको छ । यस अवधिमा नेतत्व तथा संस्थागत विकास तालिम. समूह सदस्यहरुको अनुशिक्षण, लैङ्गिक हिंसा निवारणको लागि न्यायिक समितिको क्षमता विकास तालिम सञ्चालन, ज्येष्ठ नागरिकसँग सम्बन्धित सरोकारवालाबीच अन्तरक्रिया, स्थानीय अपाङ्गता समन्वय समिति गठन, नगरस्तरीय बाल क्लब गठन, नेतृत्व तथा क्षमता विकास तालिम, महिला बालबालिका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक संकलन तथा अद्यावधिक, लैङ्गिक हिंसा निवारण कोष सञ्चालन, अन्तर्राष्ट्रिय महिला दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, राष्ट्रिय बाल दिवस, जेष्ठ नागरिक दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण (व्हील, चियर, वैशाखी, सेतो छडी) आदि कार्यक्रम सञ्चालन भएका छन् । आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७८/०७९ सम्मको अवधिमा निम्न अनुसार अपाङ्गता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ ।

रातो परिचय कार्ड 'क' -१७२ जना

निलो परिचय कार्ड 'ख' -२२४ जना

पहेलो परिचय कार्ड 'ग' -५१ जना

सेतो परिचय कार्ड 'घ' - २० जना

जेष्ठ नागरिक परिचय पत्र -१९४९ जना

- नगर क्षेत्रभित्र रहेका १ सय वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै गएर सम्मान तथा पौष्टिक खाद्यान्न वितरण ।

**सहकारी तर्फ :**

-बिर्तामोड नगरपालिकाका १० वटै वडामा करिब ३०० टोल विकास संस्था गठन भई १४ हजारभन्दा घरधुरी आबद्ध भएका छन् ।

-बिर्तामोड नगरपालिका क्षेत्रभित्रका ३१ वटा र प्रदेशको मातहतमा रहेका ९१ वटा सहकारी सञ्चालन रहेका छन् ।

-सामाजिक विकास तथा सहकारी शाखाले लेखापालन तालिम तथा सहकारी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

-यस शाखाको रोहबरमा कोभिडको महामारी नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले पहिलो भेरियन्टको समयमा सहकारी क्षेत्रबाट ३३

❖ बाँकी अन्तिम पृष्ठमा

# हर्कलालले हुर्काएको बिर्तामोड




जाँदाजाँदै केही लेख्न उत्साहित भएको छु । नेता हर्कलाल गिरीको बारेमा जसले मागेरै तत्कालीन बिर्तामोडको पूर्वाधार तयार गरेका हुन् ।जसको जगमा आजको बिर्तामोड उभिएको छ ।

पालिकाहरुको उम्मेद्वार चयन प्रक्रिया लगभग टुंगिएको छ अर्थात् नाम घोषणा साँझ बिहान कहिले हुने हो त्यो पल मात्र बाँकी भएकोले यो बेला मैले सिफारिस भएका एक नेताको बारेमा यसरी लेखिरहँदा कुनै अनर्थ लाग्दैन वा भनौं उम्मेद्वारी घोषणा आचारसंहितामा यसले मेरो दल र मसँग कुनै अर्थ राख्दैन भन्ने मलाई लाग्छ ।

पञ्चायती ब्यवस्थाका अन्तिम प्रधानपञ्च र पहिलो गाविस अध्यक्ष भएर तत्कालीन अनारमनीको जनप्रतिनिधि भएर काम गरे गिरीले । ४० को दशकमा बिर्तामोड (अनारमनी ) शहरोन्मुख मात्र थियो । त्यही बेला भद्रपुर रोडको विकल्प हुन सक्छ भनेर बिएण्डसी हस्पिटल पूर्व दक्षिणदेखि गरामनी पश्चिम भद्रपुर रोड जोड्ने खेतै खेतको बीचबाट सडक खनेर बाटो बनाए । हाम्रो धान खेत लुटियो , सकियो भनेर त्यसताका सारा जग्गाधनी गिरीमाथि जाई लागे । जेसिबी लगाउँदा खेतमै लम्पसार परेर अगाडि बढ्न नै दिएनन् केही आमा बुबाहरुले त्यो बेला । नागरिकको निजी जग्गामा बाटो खन्नु हुन्न भनेर आफ्नै गाउँसभाले समेत साथ दिएन । मुद्दा लाग्यो , एक्लै लडे ।

आज त्यही जबर्जस्ती खोलिएको बाटोलाई हर्कलाल मार्ग भनेर सबैले चिन्ने भएका छन् । आज यहि बाटोले त्यहाँका तत्कालीन जग्गाधनी किसानको जीवनमा कायापलट गरिदिएको छ । जग्गाको मूल्य अमूल्य भएको छ । बिर्तामोड - भद्रपुर सडकको भरपर्दो विकल्प बनेको छ हर्कलाल मार्ग । पूर्व उत्तर धर्मकाँटा - किराँत चोक बाटो पनि गिरीकै अगुवाईमा खोलिएको हो त्यहि बेला ।

सैनिकमोडदेखि गोलधाप जाने बाटो घुमाउरो थियो । त्यसलाई सिधा बनाउँदै सैनिकमोड - गोलधाप सडक उनैले खने । सैनिकमोड आज दोस्रो बिर्तामोड बनेको छ ।

गिरी, माननीय गोपालकुमार बस्नेतलगायतको पहलमा बिर्तामोडमा साप्ताहिक हाटको महसुस गरि रामबाबु प्रसाईसँग कुरा गरेर ४ कठ्ठा जग्गा हालको सतासी सहकारी ( डिपार्टमेन्टल स्टोर ) भएको स्थानमा रामबाबु प्रसाईले दिएका थिए हरेक बुधबार साप्ताहिक हाट लागोस् भनेर । बुधबारको हाट बिर्तामोडमा लागे भद्रपुरमा लाग्दै गरेको बुधबारे हाट सुक्छ भन्ने लागेर तत्कालीन नगर पञ्चायतका प्रधानपञ्चबाट बिर्तामोडको बुधबारे हटियालाई रोक्न खुबै शक्ति प्रयोग भएको मात्र थिएन, गिरीलाई पञ्चायती सिडियोको आदेशमा केही दिन दुःख पनि दिएको थियो रे । यहि कुरा सिलिगुडी निर्वासनमा बस्ने जग्गादाता रामबाबु प्रसाईलाई सुनाउँदा - ए त्यसो हो भने एक बिगाह चार कठ्ठा बजारलाई दिन्छु हेरौं त अब कति दिन दुःख दिन्छ भन्दै अहिलेको बुधबारे बजार रहेको जग्गा मिलेको स्मरण गर्छन् गिरी । ( नोट : पहिलेको हाट क्षेत्र साँघुरो भएकोले फराकिलो चाहिने भयो अलिक धैरै दिनु पर्यो भन्ने कुरा राख्दा सिलिगुडी निर्वासनमा बस्नुहुने रामबाबुले साविक हाटको पूर्व अहिलेको ठाउँ दिनु भएको भन्ने कुरामा . गोपालकुमार बस्नेतले 'आफ्नै सेरोफेरो' पुस्तकमा उल्लेख गर्नु भएको छ ) । त्यसपछि गाउँ पञ्चायतलाई आम्दानीको मुख्य स्रोत पनि हुने र बजार पनि ब्यवस्थित हुने भन्दै बिर्ताबजार र देवी हाटमा जस्ता पाताको लामो लामो टहरा बनाउने काम भयो । जुन आज पर्यन्त त्यही टहरामा ब्यापारीले व्यापार गरिरहेका छन् । पालिकाले कर उठाएर आम्दानी लिइरहेको छ । आज ती टहराहरु जीर्ण बनेका छन् तर, पनि कुनै अर्को पहल गरिएको छैन । तीसौं वर्ष बितिसक्यो ।

त्यस्तै रामबाबु प्रसाईले नै दिनु भएको थोरै जग्गामा देवी मावि तत्कालीन प्रावि महेन्द्र राजमार्ग उत्तर रानाको मिल पश्चिमपट्टि थियो । बाटो छेउमा स्कुल अनुपयुक्त हुन्छ बरु भाउ पनि कम्ती पर्ने अलिक माथिपट्टिको बढाएर जग्गा दिनु पर्यो भनेर रामबाबुसँग कुरा राख्दा पुन : प्रसाईले हालको देवी मावि रहेको जग्गा दिनु भएको सम्झन्छन् हर्कलाल गिरी ।

त्यस्तै बिर्तामोडमा खानेपानीको अभाव हुन सक्छ , शहरीकरण बढ्दैछ भन्ने बुझेर टोरुप प्रसाई ( रामबाबुका छोरा ) दाईसँग कुरा गरेर खानेपानी संस्था बनाऔं र त्यसको अध्यक्ष तपाईं आफै बसिदिनु पर्छ भनेर कुरा राख्दै हालको खानेपानी संस्थालाई चार कठ्ठा जग्गा दिलाएको सम्झन्छन् गिरी । यसमा राजकुमार पोखरेल दाईको पनि उत्तिकै साथ रहेको स्मरण गर्छन् हर्कलाल ।

चार बिगाह क्षेत्रमा फैलिएको हालको कृषि थोक बजारको स्थापनादेखि ब्यवस्थित गर्न गिरीकै योगदान रहेको छ । त्यस्तै मेची आँखा अस्पताल , बिर्ताबजारको अनारमनी पब्लिक क्याम्पस जस्ता बिर्तामोडका सम्पूर्ण आधार निर्माण गर्न हर्कलाल गिरीले ज्यामी बनेर काम गरेका छन् ।

जनप्रतिनिधिबाट हटेपछि कामबिहीन भएको अवस्थामा केही वर्षअघि बिराट पोखरमा सुबिधासम्पन्न बृद्धाश्रम खोल्ने अभियानको नेतृत्वमा लागे गिरी । कहिल्यै खाली हात नबस्ने उनलाई ठूलो साथ दिनु भयो समाजसेवी मुमा गिरिराजकुमारी प्रसाईंले (ज्ञानु ) । मुमाले विराटपोखरमा २ बिगाहबढी जग्गा दिनु भयो र त्यसैमा भरत बिश्रान्ती नामक बृद्धाश्रम हाल संचालनमा रहेको छ ।

यी र यस्तै कामहरु गरेर बिर्तामोडलाई मागेरै बनाए हर्कलालले । आफैं खटेर शिशु अनारमनीलाई बिर्तामोड बनाएर हुर्काए । पूर्वका ठुला शहरको तुलनामा बिर्तामोड अझै पनि अब्यवस्थित छ धेरै गर्न बाँकी छ । फेरि पनि आज जे छ र जुन बिर्तामोडको हामी गर्व गर्छौं यत्तिको बिर्तामोड बनाउने हिम्मतदार ज्यामी उनै हर्कलाल गिरी हुन् । उनैले बनाएको आधारशिलामा बिर्तामोड उभिएको छ अहिलेसम्म पनि ।

मागेरै बनाए बिर्तामोड तर आफ्ना लागि कहिल्यै माग्न जानेनन् उनले । आएको र दिएको अवसर भने लिन जानेनन् उनले । ०४६ सालपछि नेका नेता गिरिजाप्रसाद कोईराला पटकपटक झापा आउँदा उनकै सानो घरमा बस्थे । गिरिजाबाबुले भन्थे रे - म हुँदै तिमीलाई केही दिन चाहन्छु के माग्छौ हर्क अहिले नै माग भन्दा गिरीले केही नमागेको कुरा सुनिन्छ उनका समकालिनबाट अहिले पनि ।

जीवनको अन्तिम मोडमा आईपुगेको छु । जीवनभरि जन्ती र मलामी हुन सकियोस् । जातजातिका कुरा नगरौं । हामी सबै नागरिक हौं भन्दै आफूले कुनै पनि मनोनित र समानुपातिक पद नखाने बरु सबैले रुचाएर विगतलाई मुल्यांकन गरेर जीवनको अन्तिम ईच्छा चुनाव लडेरै फेरि एक पटक बिर्तामोडवासीको सेवा गर्ने अन्तिम धोको रहेको कार्यकर्ता माझ सुनाउँछन् गिरी ।

वर्तमान सिफारिस भएका चारैजना उम्मेद्वार आ-आफ्नो क्षेत्रमा योग्य हुनुहुन्छ । सबैको आफ्नै पहिचान भएकोले आगामी मेयरको टिकट जसले पाए पनि बिर्तामोडले जितोस् , बिर्तामोडवासीले जितुन् शुभकामना छ ।

# वडाध्यक्षमा गुरुङ सर्वसम्मत सिफारिस



*बिर्तामोड (प्रस) ।* स्थानीय निर्वाचनमा बिर्तामोड नगरपालिका वडा नं १० को वडाध्यक्ष पदका लागि दुर्योधन गुरुङ सर्वसम्मत सिफारिस भएका छन् । नेपाली कांग्रेस बिर्तामोडको १० नं वडा समितिले बहालवाला वडाध्यक्ष गुरुङलाई अर्को निर्वाचनका लागि पनि वडाध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको हो । वडा सदस्यहरुको भने टुंगो लाग्न बाँकी रहेको छ । सरल र इमान्दार स्वभावका गुरुङले गत निर्वाचनमा एमालेका उम्मेदवारलाई पराजित गरेका थिए । यसअघि बिर्तामोडका ९ वटा वडाबाट कांग्रेसले उम्मेदवार सिफारिस गरिसकेको छ । वडा नं ५ बाट रोहित प्रसाई , वडा नं ७ बाट नवराज लिम्बू र वडा नं ८ बाट चिरन्जीवि कार्की पनि सर्वसम्मत वडाध्यक्ष सिफारिस भएका थिए ।

# 'रैतीको इतिहास' लोकार्पण



*झापा (प्रस) ।* तत्कालीन सुरुङ्गा गाउँ पञ्चायतको चारपटक प्रधानपञ्च भएका राजनीतिकर्मी एवं सामाजिक व्यक्तित्व दुर्गापुरका गणेशप्रसाद पोखरेलको बारेमा 'रैतीको इतिहास' नामक पुस्तक लोकार्पण गरिएको छ ।

बिहीवार दुर्गापुरमा एक समारोहकाबीच सो कृतिको लोकार्पण भाषाविद् चूडामणि रेग्मीले गरेका हुन् ।

लोकार्पण गर्नेक्रममा अतिथिहरु कोमलप्रसाद पोखरेल, पुष्पराज पोखरेल, चन्द्रप्रसाद मैनाली, जनार्दन उप्रेती, प्रेमप्रकाश फलाहारी, एकराज गिरी, विरही अधिकारी, खगेन्द्र खुशी, नवलकिशोर दत्त, हिराप्रसाद पोखरेललगायतले साथ दिएका थिए । कृष्ण अविरलको लेखन तथा सम्पादन रहेको 'रैतीको इतिहास'लाई अजम्बरी पव्लिकेशनले प्रकाशन गरेको हो ।

पुस्तकको बिक्रीबाट आएको रकम जिल्ला प्रहरी कार्यालय झापाको हिरासतमा पुस्तकालय बनाउने काममा उपयोग गरिने छोरा दिनेशकुमार पोखरेलले जानकारी दिए । ज्येष्ठ पुत्र राजेन्द्रकुमार पोखरेलको अध्यक्षतामा आयोजित लोकार्पण कार्यक्रममा छोरी अप्सरा पोखरेलले पुस्तक प्रकाशन गर्नुको औचित्यमाथि प्रकाश पारेकी थिइन् । छोरा निर्माण पोखरेलले स्वागत गरेको कार्यक्रममा पुस्तकको समीक्षा साहित्यकार कोमलप्रसाद पोखरेल र सञ्चालन डा. पुण्यप्रसाद सिग्देलले गरेका थिए । कार्यक्रममा पुष्पराज पोखरेल, एकराज गिरी, कृष्णहरि पोखरेल, बिरही अधिकारी, खगेन्द्रा खुशीलगायतले बोलेका थिए । कार्यक्रममा दिनेशकुमार पोखरेलले धन्यवाद ज्ञापन गरेका थिए। लोकार्पण कार्यक्रममै गणेशप्रसाद पोखरेलको स्मृतिमा प्रतिष्ठान स्थापना गरिएको छ । कनकाई नगरपालिकामा मुख्य कार्यालय रहने गरी स्थापना गरिएको प्रतिष्ठानमा परिवारको तर्फबाट दुई करोड रुपैयाँ अक्षयकोष राखिएको छ ।

# आबद्ध साकोसद्वारा रक्तदान तथा आँखा शिविर सम्पन्न



*बिर्तामोड (प्रस) ।* आबद्ध बचत तथा ऋण सहकारी संस्था लि को आयोजनामा रक्तदान तथा आँखा शिविर सम्पन्न भएको छ । अर्जुनधारा ७ मिलडाँडामा सम्पन्न कार्यक्रममा ३० जना रक्तदाताले रक्तदान गरेका छन् भने १३० भन्दाबढी आँखा तथा कानका विरामीले आँखा शिविरबाट लाभ लिएका छन् ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी बिर्तामोड उपशाखा र दृष्टि आँखा तथा कान अस्पताल बिर्तामोडको प्राविधिक सहयोग रहेको थियो । साथै स्थानीय नवयुवा क्लबको सहकार्य रहेको थियो । आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. को स्वास्थ्य उपसमिति संयोजक हृदयकुमारी संग्रौलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अर्जुनधारा वडा नं. ७ का वडाध्यक्ष नवराज ढुङ्गानाको प्रमुख आतिथ्यता रहेको थियो । गौरवशाली बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष लबकुमार चौधरी, नवयुवा क्लबका अध्यक्ष देवेन्द्र मैनाली, सल्लाहकार सदस्य तुलसी श्रेष्ठ, आबद्ध बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नन्दमान भट्टराई, प्रमुख अतिथि वडाध्यक्ष ढुङ्गानालगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन आबद्ध बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक पर्वत चिमरियाले गरेका थिए ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल

ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** – चिन्ता हटेर मन हलुका हुनेछ । व्यक्तिगत कार्यमा सफलता मिल्नेछ ।

**वृष** – आज शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । कार्य सम्पादनमा समस्या आउला ।

**मिथुन** – आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**कर्कट** – राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट भने सहयोग मिल्नेछ ।

**सिंह** – नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट आँटेको काम सफल हुनेछ ।

**कन्या** – बुद्धि र विवेकको प्रयोग गर्नसके आजको दिनलाई सकारात्मक बनाउने समय छ ।

**तुला** – सामाजिक कार्यमा सफलता मिल्नेछ । प्रविधिमार्फत इष्टमित्रसँग भेटघाट होला ।

**वृश्चिक** – रोकिएका काम पुनः सुरु हुन सक्छन् । प्रेमप्रसङ्गमा रमाइलोपन आउनेछ ।

**धनु** – कहींकतैबाट कुनै उपहार प्राप्त होला । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

**मकर** – आर्थिक सङ्कटले गर्दा मनमा अशान्ति र स्वास्थ्यमा समस्या बढ्ला ।

**कुम्भ** – शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । स्वास्थ्य राम्रो रहनेछ ।

**मिन** – मनमा उत्साहका साथै बोली बिक्ने समय छ । नयाँ र शुभकार्यको चर्चा चल्नेछ ।